नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
लमजुङ
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

फोन नं. ०६६-५२०१३३, ५२०२५५
फ्याक्स नं.:- ०६६-५२०१३४
ईमेल:- daolamjung@moha.gov.np
वेबसाइट:- www.daolamjung.gov.np

visit Nepal 2020 Lifetime Experiences

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बेसीशहर, लमजुङ

पत्र संख्या :- ०७६/७७
चलानी नं.- ४२३०

मिति :-२०७६/११/२१

## जनहितमा जारी सूचना ।

चीनको बुहान प्रान्तबाट शुरुवात भएको नोभल कोरोना भाईरस (कोभिड १९) हाल विश्वका धेरै देशहरुमा द्रुत गतिमा फैलिरहेको छ । नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत विभिन्न सभा, सम्मेलन, मेला, महोत्सव जस्ता अत्याधिक मानिसहरुको जमघट हुने कार्यक्रमहरु आयोजना नगर्न सूचना जारी गरेको अवस्था छ । विश्व स्वास्थ्य संगठनको प्रतिवेदनले पनि नेपाल कोरोना भाइरसको उच्च जोखिमयुक्त क्षेत्र रहेको बताइ सकेको छ । यसको जोखिमबाट बच्न नेपाल सरकारले विभिन्न कदमहरु चालेको छ । यसै अनुरुप यस जिल्लामा पनि उक्त रोगको संक्रमणबाट सुरक्षित रहन एवं बच्न निम्न उपायहरु अवलम्बन गर्न जिल्ला प्रशासन कार्यालय सर्वसाधारणको हितका लागि सबैमा अनुरोध गर्दछ ।

१. धेरै मानिसहरु जम्मा भई गरिने सभा, समारोह, भेला, गोष्ठी, मेला, महोत्सव लगायतका कार्यक्रमहरु हाललाई नगर्नु/नगराउनुहुन ।
२. होली पर्व मनाउने क्रममा पानीमा भिज्ने, अविर लगाउने तथा लोला हान्ने जस्ता कार्यहरु नगर्नु/नगराउनुहुन ।
३. शैक्षिक संस्थाहरुमा धेरै मानिस जम्मा भई गरिने सभा, समारोह, बार्षिकोत्सव लगायतका कार्यक्रमहरु हाललाई नगर्नु/नगराउनुहुन ।
४. साथै कोरोना भाइरस रोगबाट बच्न नियमितरुपमा साबुन पानीले हात धुने, अनावश्यक भीडमा नजाने, खोक्दा वा हाछ्युँ गर्दा नाक मुख ढाक्ने एवं व्यक्तिगत सरसफाइमा ध्यान दिने ।
५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सम्बद्ध निकायबाट जारी भएका र हुने स्वास्थ्यसँग सम्बन्धित सूचना तथा निर्देशनहरु पालना गर्नुहुन ।

(काजीमान सुनार)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी